Australian Government
Department of Health, Disability and Ageing



# मानिसहरूका लागि स्थानहरू: आवासीय वृद्ध हेरचाहमा विकल्प समावेश गर्ने

अष्ट्रेलियाली सरकारले आवासीय वृद्ध हेरचाहमा परिवर्तन गर्दैछ, त्यसैले तपाईंसँग थप विकल्प छन्।

हामी नयाँ आवासीय वृद्ध हेरचाह प्रणालीको योजना गर्दैछौँ जसले अष्ट्रेलियामा बसोबास गर्ने वृद्ध मानिसहरूलाई सिधै स्थानहरू तोक्छ। आउँदो 1 नोभेम्बर 2025 मा Aged Care Act [वृद्ध हेरचाह सम्बन्धी ऐन] सुरू भएपछि आउने परिवर्तनहरूको अर्थ निम्न हुनेछ:

- आवासीय हेरचाहको आवश्यकता भएका मानिसहरूसँग उनीहरूको आवश्यकताहरू राम्रोसँग पूरा गर्ने प्रदायक रोज्नका लागि थप विकल्प हुनेछन्
- मानिसहरूले आफ्नो हेरचाहको बारेमा जानकारीमा आधारित निर्णयहरू लिन सरल जानकारी प्राप्त गर्नेछन्
- प्रदायकहरूले उच्च गुणस्तरको हेरचाह र हेरचाहको थप नवीन नमूनाहरू प्रदान गर्न प्रोत्साहन पाउनेछन्
- प्रदायकहरूले धेरै स्थानहरूमा कम प्रशासनिक बोझको साथ थप सेवाहरू प्रदान गर्न सक्षम हुनेछन्।

## हाल आवासीय हेरचाहमा बसिरहेका वृद्ध मानिसहरू

यदि तपाईं पहिले देखि नै आवासीय हेरचाह गृहमा बस्नुहुन्छ भने, तपाईंले यस परिवर्तनको लागि तयारी गर्न केही पनि गर्नुपर्दैन।

तपाईंलाई स्थानहरू तोक्दा तपाईंले पाउनुहुने मुख्य भिन्नता भनेको, यदि तपाईंले चाहनुभयो भने, आफ्नो रोजाइको नयाँ वृद्ध हेरचाह गृहमा जान तपाईंलाई अझ सजिलो हुनेछ। सरकारले तपाईंको तर्फबाट सिधै तपाईंले रोज्नुभएको वृद्ध हेरचाह गृहमा कोष प्रदान गर्न जारी राख्नेछ।

## आवासीय हेरचाहको लागि योजना बनाइरहेका वृद्ध व्यक्तिहरू

नयाँ ऐन सुरू नभएसम्म, आवासीय हेरचाहमा जानका लागि तपाईंले अपनाउनु पर्ने तरिका उस्तै रहनेछ। यदि तपाईं आवासीय हेरचाह गृहमा जानेबारे सोच्दै हुनुहुन्छ भने:

- तपाईंले पहिले Aged Care Assessment Team [वृद्ध हेरचाह मूल्याङ्कन टोली] द्वारा मूल्याङ्कन गराउनुपर्छ र आवासीय हेरचाहको लागि स्वीकृति प्राप्त गर्नुपर्छ
- एकचोटि स्वीकृत भएपछि, तपाईं रिक्त स्थान भएको प्रदायक फेला पार्न र त्यहाँ जान सक्नुहुन्छ।

## मद्दत खोज्ने

हामी तपाईं र तपाईंको परिवारलाई यी परिवर्तनहरूको अर्थ र उपलब्ध विकल्पहरूबारे बुझ्नका निम्ति सहयोग तथा मद्दत गर्न उपस्थित छौं।

हामी वृद्ध हेरचाह प्रदायकहरूका बारेमा थप जानकारी उपलब्ध गराइरहेका छौं, जसले तपाईंलाई आफ्नो लागि सही हेरचाह कहाँ प्राप्त गर्ने भन्नेबारे राम्रो र जानकारीमा आधारित विकल्पहरू छान्न मद्दत गर्दछ। यसमा आवासीय हेरचाह प्रदायकहरूका लागि Star Ratings [तारा मूल्याङ्कनहरू] को प्रकाशन, साथै अधिक पारदर्शी आवास जानकारी समावेश छ।

My Aged Care पनि तपाईंको मद्दतका लागि यहाँ छ।

- वृद्ध हेरचाह सेवाहरूमा कसरी पहुँच गर्ने भन्नेबारे जानकारी प्राप्त गर्न My Aged Care वेबसाईट हेर्नुहोस्।
- तपाईं अनलाइन मूल्याङ्कनको लागि आवेदन दिन सक्नुहुन्छ र आफ्ना आवश्यकताहरू पूरा गर्ने स्थानीय वृद्ध हेरचाह प्रदायकहरूको खोजी गर्न सक्नुहुन्छ।
- तपाईंले सोमबार देखि शुक्रबार, बिहान 8 बजे देखि बेलुका 8 बजे सम्म र शनिबार, बिहान 10 बजे देखि दिउँसो 2 बजे सम्म 1800 200 422 मा फोन गर्न सक्नुहुन्छ।

## अद्यावधिक रहनुहोस्

मानिसहरूका लागि स्थानहरू: आवासीय वृद्ध हेरचाहमा विकल्प समावेश गर्ने बारे थप जानकारी पाउन र अद्यावधिक रहनको लागि हाम्रो वेबसाईट हेर्नुहोस्।

वृद्ध हेरचाहमा हुने परिवर्तनहरूबारे तपाईंलाई आफ्ना विचार राख्नको लागि पनि प्रशस्त अवसरहरू छन्:

- वृद्ध मानिसहरूका लागि हाम्रो मासिक न्यूजलेटर, EngAged, प्राप्त गर्न साइन अप गर्नुहोस् : health.gov.au/aged-care-newsletter-subscribe.
- नवीनतम परामर्श अवसरहरू तथा नतिजाहरूबारे जान्न Aged Care Engagement Hub [वृद्ध हेरचाह संलग्नता केन्द्र] मा हेर्नुहोस्: AgedCareEngagement.health.gov.au/get-involved